लोक सेवा आयोग

# दिपायल कार्यालय

राजपुर,डोटी

## रा.प. अनं. द्वितीय श्रेणी (प्राविधिक), पदहरुको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सुचना।

**सूचना नं.०६/०७९-८०, मिति : २०७९।०५।१३ गते**

यस कार्यालयका तपसिल बमोजिमको विज्ञापन नं., सेवा/समूहका रा.प. अनं. द्वितीय श्रेणी (प्राविधिक), पदहरुको लागि दिपायल परीक्षा केन्द्र राखी Online दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षा आयोगको पूर्व निर्धारीत परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा केन्द्र तथा परीक्षा कार्यक्रम:**

| सि. नं. | विज्ञापन नं. | सेवा/समूह | पद | लिखित परीक्षा मिति | | रोल नं. | | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | देखि | सम्म | |
| १. | १५८२४-१५८२८ /०७८-७९ | इन्जि, सर्भे | अमिन | २०७९।०५।२२ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९।०५।२२ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | ७७०००१ | सबै उम्मेदवारहरु | श्री सुजङ्ग मा.वि. राजपुर, डोटी। |
| २. | १५८२९-१५८३० /०७८-७९ | विविध | सहायक कम्प्युटर अपरेटर | २०७९।०५।२३ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९।०५।२३ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | ७७०००१ | सबै उम्मेदवारहरु | श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटी। |

**द्रष्टव्य १:**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

ख) प्रवेशपत्र विना परीक्षामा सम्मिलित नगराईने हुँदा अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ। परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन।

ग) परीक्षा भवनमा झोला, मोवाइल, क्याल्कुलेटर, स्मार्ट वाच तथा अन्य विद्युतिय सामाग्रीहरु लैजान निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ। वस्तुगत बहु वैकल्पिक प्रश्नको उत्तर दिंदा Capital Letter मा (A,B,C,D)लेख्नु पर्नेछ।

ङ) **परीक्षार्थीले परीक्षा दिन आउँदा आयोगबाट जारी भएको प्रवेश-पत्र सँगै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ।**

**द्रष्टव्य २: संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धि मापदण्ड, २०७७ (तेस्रो संशोधन) अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण रुपमा पालन गर्नु पर्नेछ।**

क) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

ख) परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्दा, निस्कदा र शौचालय प्रयोग गर्दा भिडभाड नगरीकन एकआपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी भौतिक दूरी कायम गर्नुपर्नेछ।

ग) परीक्षार्थीहरुले समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन। परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालन गर्नुपर्नेछ।

फोनः ०९४-४४०१४७, फ्याक्सः ०९४-४४०१७८, Website: www.psc.gov.np, Email: dipayal@psc.gov.np

घ) कोभिड-१९ (COVID-19)संक्रमित उम्मेदवारहरुको लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०९४-४४०१४७, ०९४-४४०१७८ वा ९८५८४८११११मा सम्पर्क गरी वा इमेल dipayal@psc.gov.npतथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनु हुन सुचित गरिन्छ।

| | | |
|---|---|---|
| ............................ | ....................... | ....................... |
| गणेश बहादुर कठायत | रमेश कुमार कटुवाल | ज्ञानेन्द्र पराजुली |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |